गुल्मीमा जिप दुर्घटना हुँदा पाँचजनाको मृत्यु

रमेश विश्वकर्मा/हिटा

गुल्मी, ७ मंसिर

गुल्मीको सत्यवती गाउँपालिकाको ठूलो लुम्पेकदेखि कुढडाँडातर्फ जाँदै गरेको लु ३ च ५३४० नम्बरको जिप दुर्घटना हुँदा पाँचजनाको मृत्यु भएको छ। दुर्घटनामा परी जिपधनी ५१ वर्षीय झलक सोमै, ५५ वर्षीय टीका राहादी, ४७ वर्षीय रनबहादुर सिजापती, २५ वर्षीय मिलन तरामु र ४३ वर्षीय जमुना सोमैको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डिएसपी) माधवराज खरेलले जानकारी दिनुभयो। डिएसपी खरेलका अनुसार दुर्घटनामा परी चारजना घाइते भएका छन्। घाइते हुनेमा ३३ वर्षीय कार्बोलिन सोमै, ३२ वर्षीय चेतमान सिंजाली, ४९ वर्षीय गिरबहादुर सोमै र १७ वर्षीय खण्डन सोमै रहनुभएको छ। घाइते सबैको पाल्पामा उपचार भइरहेको छ।

बुधबार बिहान करिब साढे २ बजेको समयमा ब्रेक फेल भएर जिप दुर्घटना भएको हो। जिप सडकदेखि करिब दुई सय मिटर तल खसेको डिएसपी खरेलले जानकारी दिनुभयो।

अर्थविद्हरू भन्छन्– निर्वाचनमा भएको खर्चले समग्र अर्थतन्त्र सामान्य रूपमा चलायमान हुने अवस्था छ

काठमाडौं/हिटा। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा भएको खर्चले समग्र अर्थतन्त्र सामान्यरूपमा चलायमान हुने अर्थविद्हरूले बताएका छन्। निर्वाचनका लागि राजनीतिक दल र सरकारले खर्च गर्ने रकम बजारमा जाँदा अर्थतन्त्र थप चलायमान हुने अर्थविद्हरूले अनुमान गरेका हुन्। मंसिर ४ गते भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मत परिणाम आउने क्रम जारी छ। तर, निर्वाचनमा उम्मेदवारहरू तथा सरकारले निर्वाचनका लागि गरेको खर्चले समग्र मुलुकको अर्थतन्त्रलाई सामान्यरूपमा मात्रै चलायमान बनाउन सक्ने उनीहरूको तर्क छ।

अर्थविद् केशव आचार्यले मंसिर ४ गतेको निर्वाचनमा उम्मेदवारहरूले १० अर्ब बढी खर्च गरेकाले अर्थतन्त्र केही चलायमान भएको बताउनुभयो। उहाँले उम्मेदवारहरूले निर्वाचनमा सवारीसाधन, होटल र सामाजिक सञ्जालमा व्यापक खर्च गरेको बताउनुभयो। अर्थविद् आचार्यले नेपालबाट पहिलोपटक निर्वाचनमा सामाजिक सञ्जालमार्फत् करोडौं रुपैयाँ विदेशमा गएको बताउनुभयो। उहाँले निर्वाचनमा भएको खर्च व्यवसायीहरूको हातमा आएकाले केही दिनअघि मात्रै बैंकको निक्षेपमा ५० अर्ब रुपैयाँ आएको बताउनुभयो। उहाँले ५० अर्ब रकम भनेको ४८ खर्बको जिडिपीको एक प्रतिशत भएको भन्दै त्यो रकमले बैंकको तरलता कम गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने बताउनुभयो। आचार्यले निर्वाचनमा धेरै खर्च भएमात्रै अर्थतन्त्र चलायमान हुने गरेको बताउनुभयो। उहाँले यो निर्वाचनमा देशमा १० अर्ब बराबरको खर्च भए पनि पाँच अर्ब रुपैयाँ बाहिर जाने गरेको बताउनुभयो। उहाँले निर्वाचन आयोग र उम्मेदवारहरूले समेत निर्वाचनमा गरेको खर्च ५० अर्ब भए पनि २० अर्बमात्रै औपचारिक अर्थतन्त्रमा देखिने भएकाले अर्थतन्त्रमा खासै ठूलो परिवर्तन नहुने दाबी गर्नुभयो। अर्थविद् आचार्यले निर्वाचनले होटलहरू, सवारीसाधन, हवाई उडान बढाएकाले थोरै मात्र अर्थतन्त्रलाई चलायमान बनाएको बताउनुभयो। उहाँले निर्वाचनमा २० अर्ब रुपैयाँमात्रै औपचारिक अर्थतन्त्रमा देखिने भएकाले आर्थिक वृद्धिमा समेत ठूलो योगदान दिन नसक्ने बताउनुभयो। उहाँले निर्वाचनमा भएको ५० अर्ब खर्चमा २० अर्ब रुपैयाँ उत्पादन क्षेत्र र उद्योगधन्दामा लगाउँदा जिडिपीमा एक प्रतिशत योगदान पुग्न सक्ने बताउनुभयो।

त्यस्तै, बैंकिङ विज्ञ अनलराज भट्टराईले अर्थतन्त्रमा धेरै समस्या भएकाले निर्वाचनमा भएको खर्चले मुलुकको अर्थतन्त्र चलायमान र आर्थिक वृद्धिमा ठूलो योगदान गर्न नसक्ने बताउनुभयो। उहाँले निवर्तमान सरकारले गरेको खर्च र राजनीतिक दलका उम्मेदवारहरूले गरेको खर्च करिब ५० अर्ब रहेको बताउनुभयो। उहाँले नेपालको अर्थतन्त्रको आकार ठूलो भएको भन्दै ५० अर्ब खर्चले समग्र अर्थतन्त्रलाई चलायमान बनाउन नसक्ने बताउनुभयो। भट्टराईले विगतका निर्वाचनमा अर्थतन्त्रको आकार सानो हुँदा अर्थतन्त्रलाई चलायमान र आर्थिक वृद्धिदरसमेत बढाउने गरेको तर मंसिर ४ गतेको निर्वाचनमा भएको खर्चले अर्थतन्त्र चलायमान र वृद्धिदरमा खासै योगदान गर्न नसक्ने बताउनुभयो।

भट्टराईले अहिले बैंकहरूले नगदमा लाभांश बाँड्ने र निर्वाचन खर्चले बैंकहरूमा एक खर्ब बराबरको तरलता थपिन सक्ने भन्दै उहाँले बजारमा तीन अर्बको माग, व्यापारमा निरन्तर मन्दी र सरकारले आयातमा प्रतिबन्ध लगाएर राजस्वमा कमी आएकाले तरलताको समस्या लामो समय रहन सक्ने दाबी गर्नुभयो। बैंकिङ विज्ञ भट्टराईले पछिल्लो समय नेपालको अर्थतन्त्र अप्ठ्यारो अवस्थामा भएकाले निर्वाचन केन्द्रित खर्चले अर्थतन्त्र स्थिर रहने बताउनुभयो। उहाँले चालु आर्थिक वर्ष नेपालको आर्थिक वृद्धिदर पाँच प्रतिशत हुन सक्ने सम्भावना रहेको बताउनुभयो। उहाँले विगतका निर्वाचनमा सरकारले लोकप्रिय योजना बनाउने, भोट पाउन जनतालाई पैसा बाँड्ने काम गर्ने हुँदा निर्वाचनपछि अर्थतन्त्र चलायमान र आर्थिक वृद्धि हुने अवस्था देखिने गरे पनि यो वर्ष त्यस्तो नहुने बताउनुभयो। उहाँले निर्वाचनपछि बन्ने सरकारलाई अर्थतन्त्र सुधारका लागि धेरै काम गर्नुपर्ने चुनौती रहेको बताउनुभयो।

यस्तो छ पश्चिम पाल्पाको न्वागी परम्परा

रामचन्द्र रायमाझी/हिटा

पाल्पा, ७ मंसिर

न्वागी पर्व ठाउँअनुसार फरक-फकर तरिकारले मनाउने गरिन्छ। न्वागीको आफ्नै महत्त्व र विशेषता रहे पनि नेपालमा जाति, क्षेत्र र समुदायअनुसार मनाउने चलन छ। पाल्पाको पश्चिममा पनि न्वागी पर्व उत्सवका रूपमा मनाउने गरिन्छ।

प्रायः नयाँ धान घरमा भित्र्याएपछि पहिले हामीले नयाँ चामलको भात खान्छौं। तर, पश्चिम पाल्पामा भने नयाँ धान भित्र्याएपछि पहिले देवीलाई चढाएर मात्र उपभोग गर्ने प्रचलन रहेको छ। यहाँको प्रसिद्ध मन्दिर रैनादेवी मन्दिरमा नयाँ धान उत्पादन गरेपछि भगवतीलाई चढाएपछि मात्रै खाने गरिन्छ। यहाँ न्वागी पर्वका दिन देवीलाई काँचो चामलमा दही, केरा, सुकुमेल र अन्य मसला एकै ठाउँमा मिलाई त्यसलाई राम्ररी मुछेर विधिर्पूवक चढाइसकेपछि त्यसलाई प्रसादस्वरूप खाने परम्परा रहिआएको छ। यसरी चढाएपछि मात्र घरमा भित्र्याइएको नयाँ धानको भात खाने गरिन्छ।

यो पर्वमा प्रत्येक वर्ष नयाँ धानबाली पाकेपछि रैनादेवीसँग मागेको वर कहिल्यै पनि खेर नजाने स्थानीय बासिन्दाहरूको विश्वास रहेको छ। यहाँका स्थानीय बासिन्दाहरू वर्षभर परदेशी भए पनि न्वागीको समय पारेर घर आउने गर्छन्। न्वागीको दिन बिहानैदेखि मन्दिरमा पूजाआजा हुने गर्छ भने रातभर सोरठी, ख्याली, बालुन र मालश्री गाउने तथा नाच्ने गरिन्छ। पछिल्लो समयमा स्थानीय बासिन्दाको पहलमा न्वागी मेलालाई महोत्सवकै रूपमा मनाउन थालिएको छ।

न्वागी नखाई नयाँ धान प्रयोगमा ल्याएमा सो घरमा अनिष्ट हुने जनविश्वास रहेको छ। सोहीअनुसार यस वर्षको न्वागी पर्व भव्यरूपमा मनाइएको छ। न्वागी पर्व पश्चिम पाल्पाकै धार्मिक आस्थासँगै मौलिक संस्कृति, जीवन पद्धति, कृषक तथा कला संस्कृतिसँग गाँसिएको छ। न्वागी खान प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्त, प्रहरी प्रमुख जनकबहादुर शाही, जिल्ला प्रशासन कार्यालयका अधिकृत यज्ञेश्वर पन्थी, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, पत्रकारहरू रैनादेवी मन्दिर परिसरमा पुगेका थिए। अतिथि तथा सर्वसाधारणलाई मन्दिर व्यवस्थापन समितिले दही, चामल खुवाएर स्वागत गरेको थियो। पालिकाको नामसमेत यसै मन्दिरबाट भएकाले न्वागी पर्वलाई गाउँपालिकाले धार्मिक आस्थासँगै कला-संस्कृति जगेर्ना गर्ने काममा लागेको गाउँपालिकाका अध्यक्ष रुक्मांगत भट्टराईले बताउनुभयो। परम्परागत स्थानीय कला-संस्कृति हराउँदै गएको समयमा पालिकाले स्थानीय कला-संस्कृति नाचलाई प्रतियोगिताका रूपमा सञ्चालन गरी जगेर्ना गर्ने काम गर्दै आएको उहाँको भनाइ छ। पालिकाका उपाध्यक्ष युवराज थापाले रैनादेवीको महत्त्व, न्वागी पर्वको मान्यता, स्थानीय कला-संस्कृति र मनमोहक दृश्यले यस क्षेत्रको महत्त्व बढाएको बताउनुभयो। उहाँले भन्नुभयो, 'यस क्षेत्रलाई धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकास गर्न अभियानकै रूपमा गाउँपालिका लागेको छ।' रैनादेवी मन्दिरलाई व्यवस्थित गर्दै नयाँ मन्दिरका लागि काम सुरु भएको, न्वागी पर्वलाई अझै व्यवस्थित गर्दै अन्य क्षेत्रमा पनि फैलाउने, पर्वको महत्त्वबारे जानकारी गराउने, स्थानीय कला-संस्कृति देखाउने, जगेर्ना गर्ने, प्रतियोगिताका रूपमा स्थानीय कलाकर्मीको हौसल्ला बढाउने गरी पालिकास्तरीय प्रतियोगिता सञ्चालन गरेको रैनादेवी छहरा गाउँपालिका-३ का वडाध्यक्ष प्रदीप पौडेलले बताउनुभयो। न्वागी पर्वका अवसरमा रैनादेवी मन्दिर परिसरमा लोपोन्मुख अवस्थामा रहेका पञ्चेबाजा, सोरठी, मालश्री, ठूलो नाच, रत्यौली, झाम्रे चुड्का, लाखे, कौडा मारुनी जस्ता विभिन्न जातजातिका स्थानीय मौलिक कला-संस्कृतिले दर्शकहरूको मन जितेको थियो।

यहाँ नयाँ धानको चामल कुटी दही र चामल खाने, मन्दिर परिसरमा रातीदेखि स्वतस्फूर्तरूपमा विभिन्न टोल-टोलबाट समूह बनाएर नाचगान गर्ने र बिहान कोटघरबाट रैनादेवीको प्रसाद लिएर घर फर्किने चलन रहेको स्थानीय विशाल दर्लामीले बताउनुभयो। न्यौपाने बाहुन र छहरी मगरले रैनादेवीमाथि अपराध गरेकाले अहिले पनि यी जातिहरू मन्दिर प्रवेश गरेमा अनिष्ट हुने जनविश्वास रहिआएको छ। हालको रैनादेवी मन्दिर भएको जंगल न्यौपाने बाहुनको बारी रहेको थियो। गाईले दैनिकरूपमा दूध नदिएपछि न्यौपाने बाहुन र छहरी मगरले गाईको पिछा गर्दै जाँदा बारीको बीचमा सुनको मौलोमा दूध चढाइरहेको देखेपछि दुवैजनाले सुनको मौलो खन्दै जाँदा तल-तल भासिँदै गयो। सुनको टाउको भाँचेर भए पनि लैजान्छु भनी कोदालोको पासोले हान्दा रगताम्य भई रुँदै देवी उत्पन्न भएको भनाइ रहेको छ। देवी भागेर अन्य स्थानमा जाँदै गर्दा दर्लामी र सोमै मगरले रोकी पूजाआजा सुरु गरेको किंबदन्ती रहेको छ। आमरूपमा रोइन देवी रोइन देवी भन्दाभन्दै अपभ्रंश भई रैनादेवी हुन गएको बुढापाकाहरू बताउँछन्।

माथिल्लो डोल्पाका मतदान केन्द्रमा खटिएका १३५ कर्मचारी अलपत्र

हिमालय टाइम्स

जुम्ला, ७ मंसिर

माथिल्लो डोल्पामा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि खटिएका कर्मचारी अलपत्र परेका छन्। मतदान सम्पन्न भएपछि हेलिकोप्टरले मतपेटिका लिएर गएको तर कर्मचारीलाई नलगेपछि उनीहरू अलपत्र परेका हुन्।

माथिल्लो डोल्पामा पर्ने शे-फोक्सुण्डो, छार्काताङ्साङ र डोल्पोबुद्धमा पर्ने २२ मतदान केन्द्रमध्ये १२ मतदान केन्द्रमा १३५ कर्मचारी खटिएका थिए। माथिल्लो डोल्पामा पर्ने शे-फोक्सुण्डो गाउँपालिका-१ कोवासस्थित शहीद दशरथचन्द आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा खटिएका कर्मचारी कमल बोहराले चिसोका कारण पाँच कर्मचारी बिरामी परेको बताउनुभयो। 'कर्मचारीलाई चिसोका साथै खान र बस्न समस्या भएको छ,' उहाँले भन्नुभयो, 'समयमै सदरमुकाम दुनै नझारिए धेरै कर्मचारी बिरामी हुने खतरा छ। उनीहरूलाई टाउको दुख्ने, वाक्वाकी लाग्ने र सास फेर्न गाह्रो हुने गरेको बोहराले बताउनुभयो। उहाँले भन्नुभयो, 'हिँडेर जाने सक्ने अवस्था छैन, यो स्थान पाँच हजार मिटर उचाइमा छ।' उहाँका अनुसार चुनावका लागि खटिएका दुई महिलासहित ४३ कर्मचारी, ४४ प्रहरी र ४८ जना म्यादी प्रहरी १ मंसिरदेखि अलपत्र परेका हुन्।

डोल्पाका प्रमुख जिल्ला अधिकारी वेदनिधि अधिकारीले डोल्पाका बाँकी मतपेटिका र १० जना कर्मचारीलाई हेलिकोप्टरबाट सारेपश्चात् बाँकी कर्मचारी ल्याउने भनिए पनि हुम्ला प्रदेश 'ख' मा १३६ मतपेटिका सार्न गएकाले माथिल्लो डोल्पामा रहेका कर्मचारीहरूको उद्धार हुन नसकेको बताउनुभयो। त्यसका लागि पहल भइरहेको उहाँको भनाइ छ। हेलिकोप्टरबाट उद्धार गर्न आग्रह गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार ४ मंसिरको निर्वाचनका लागि उनीहरूलाई हेलिकोप्टरमै ती मतदान केन्द्रमा पुऱ्याइएको थियो। कर्मचारीको उद्धार गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले निर्वाचन आयोग नेपाललाई आग्रह गरेको छ। 'निर्वाचनका लागि डोल्पामा ५११ कर्मचारी खटिएका थिए,' उहाँले भन्नुभयो, '२२ केन्द्रमा खटिएकामध्ये तल्लो क्षेत्रका केही कर्मचारी आए पनि १२ मतदान केन्द्रमा खटिएका १३५ कर्मचारी थुनिएका छन्। बुधबार बिहान हेलिकोप्टरले तीन मतदान केन्द्रको मतपेटिकासहित १० कर्मचारीको उद्धार गरेको छ।' चिसो पनि बढ्दै गएको र उक्त क्षेत्रमा हिउँ परेकाले केही कर्मचारी बिरामी भएको खबर आएकाले उनीहरूको छिटो उद्धार गर्नुपर्ने अवस्था भएको उहाँको भनाइ छ।

कर्मचारीको जीवन सुरक्षा गर्नु सरकारको प्रमुख दायित्व भएको भन्दै उहाँले प्रमुख निर्वाचन आयुक्तलाई जतिसक्दो चाँडो उद्धार गर्न आग्रह गरेको बताउनुभयो। उहाँका अनुसार माथिल्लो डोल्पाबाट कर्मचारी आउन नसकेपछि मतगणनामा जनशक्तिको अभावसमेत भएको छ।

ब्राउन सुगरसहित एकजना पक्राउ

नेपालगञ्ज/हिटा। बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१५ स्थित जमुनाहबाट प्रहरीले लागूऔषध ब्राउन सुगरसहित एकजना युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा खजुरा गाउँपालिका-२ बस्ने २२ वर्षीय सुरज गन्धर्व छन्। आरोपीको साथबाट दुई ग्राम पाँच सय मिलिग्राम ब्राउन सुगर बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। इलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बझाङ्ग शाखा, जयपृथ्वी नगरपालिका, बझाङ्ग
सम्पर्क फोन: +९७७-०९-२४२१४४५/४६

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री नरे जेठाराकी नातिनी, चट्टे जेठाराकी छोरी, सुदुरपश्चिम प्रदेश बझाङ्ग जिल्ला, चैनपुर नगरपालिका वडा नं. ९ हाल जयपृथ्वी - ११ बस्ने ४५ वर्षकी श्रीमती केउडी देवी धामीको मिति २०७८/०८/०९ (ई.सं. २५/११/२०२१) मा मृत्यु भएकोले स्व. केउडी देवी धामीका ससुरा हाल जयपृथ्वी - ११ बस्ने श्री जोगी धामीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बझाङ्ग शाखा, जयपृथ्वी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाहरूको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानत दिनुहुने जमानतकर्ता महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क्र.स.	ऋणीको तथा प्रोप्राईटरको नाम र ठेगाना	व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना
१.	ऋणीको नामः श्री हेम किराना पसल (काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: ४००४ दर्ता मिति : २०७६/४/१४ स्थायी लेखा नं.: ६११०८१५९३ ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, नरेफांट। प्रोप्राईटरः श्री तारा बहादुर पाण्डे ना.प्र.प.नं (जारी मिति/स्थान): ३९३१४ (२०५५/०५/१५/रामेछाप) बाजेको नामः खड्क बहादुर पाण्डे बाबुको नामः भक्त बहादुर पाण्डे ठेगानाः रामेछाप जिल्ला, गेलु गा.वि.स वडा नं. १।	श्री मनिता पाण्डे ना.प्र.प.नं (जारी मिति/स्थान): २११०३५/२८६ (२०६३/११/१५/रामेछाप) बाबुको नामः लक्ष्मण बुढाथोकी ससुराको नामः भक्त बहादुर पाण्डे पतिको नामः तारा बहादुर पाण्डे ठेगानाः रामेछाप जिल्ला, गेलु गा.वि.स वडा नं. १।
२.	ऋणीको नामः श्री नेपाल फेशन वेयर (ललितपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय पुल्चोक, ललितपुर,३ नं.प्रदेश, नेपालमा दर्ता रहेको) दर्ता नः १६८६-१४थ दर्ता मिति : २०७६/०२/१९ स्थायी लेखा नं.: ६१०७३८६२९ ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं.१४, विशाल चोक। प्रोप्राईटरः श्री आकृति तमाङ ना.प्र.प.नं (जारी मिति/स्थान): २५१००४/५०५ (प्र.प्र.२०६७/१२/१०/नुवाकोट) बाबुको नामः राम कुमार तमाङ ससुराको नामः रामबहादुर तमाङ पतिको नामः लाल बहादुर तमाङ ठेगानाः नुवाकोट जिल्ला, गोर्स्याङ गा.वि.स वडा नं. ३।	१. श्री राम कुमार तामाङ ना.प्र.प.नं (जारी मिति/स्थान): ११८३०९ (२०६०/५/२८/काभ्रे) बाजेको नामः कृष्णमान तामाङ बाबुको नामः मान बहादुर तामाङ ठेगानाः काभ्रे जिल्ला, माझीफेदी गा.वि.स. वडा नं. ४।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी,उदयपुर
प्रदेश नं. १ , नेपाल

आ.व. २०७९/८० को लागि ढुंगा, गिट्टी, ग्रावेल, रोडा, बालुवा उत्खनन, संकलन तथा विक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना।

दोश्रो पटक प्रकाशित मिति २०७९/०८/०८

नेपालको संविधान २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ घ को (६) र कटारी नगरपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका देहाय बमोजिमका ठेक्का (बढाबढ) बोलपत्र मार्फत बन्दोबस्त गर्नुपर्ने भएकोले १५ दिने अवधि राखी दोश्रो पटकको लागि पुन यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरुको अधिनमा रही बोलपत्र कटारी नगरपालिकाको राजश्व शाखावाट तोकिएको मिति भित्रमा दर्ता गुर्न हुन सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस कार्यालयको वेवसाइट http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ।

तपसिल

सि. न.	आय ठेक्का नं.	खोलाको नाम	उत्खनन् क्षेत्र	संकलन,उत्खनन् तथा निकासीको परिमाण (घन मिटर)	दर प्रति घन मिटर	न्युनतम अंक (कर वाहेक)	बोलपत्र फारम दस्तुर
१	१/२०७९/८०	तावा खोला प्याकेज नं.१	वडा नं ७ भएर वग्ने तावाखोला	१०६००	२११.६७	२२४३७०२	३०००
२	२/२०७९/८०	तावा खोला प्याकेज नं.२	वडा नं ३ र ५ भएर वग्ने तावाखोला	१२०००	२११.६७	२५४००४०	३०००
३	३/२०७९/८०	तावा खोला र कमला खोला प्याकेज नं. ३	२ नं वडा भएर वग्ने तावाखोला र कमला खोला	१०५००	२११.६७	२२२२५३५	३०००
४	४/२०७९/८०	वेलसोत खोला, कमला खोला प्याकेज नं. ४	वेलसोत खोला, कमला खोला, तिम्नाहि, सिस्नेरी	१२६००	२११.६७	२६६७०४२	३०००

बोलपत्र सम्बन्धी शर्तहरु :

१. ठेक्काको बोलपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५औं दिन सम्म कार्यालय समय भित्र रु. ३०००।- (तिन हजार) रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नम्बर (मु.अ.कर सहित) र आ.व. २०७७/२०७८ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु राखी ईच्छुक फर्म, कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समयभित्र कटारी नगरपालिकाको राजश्व शाखावाट फारम खरिद गर्न सक्नेछ।
२. खरिद भएका बोलपत्र १६औं दिनको १२:०० बजेसम्म दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका बोलपत्र सोही दिनको २ बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधि रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३०००००२ मा दाखिला गरेको सक्कल भौचर वाकम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (BID BOND) पेश गर्नुपर्ने छ। कागजातहरु पेश नगरेको बोलपत्रदाताहरुको बोलपत्र उपर कुनै कार्वाही हुने छैन।
४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०८० जेष्ठ मसान्तसम्ममात्र मान्य हुनेछ।
५. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ।
६. बोलपत्रदाताले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कबोल गरेको कुल रकम (मु.क कर) समेत जोडी ३ किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफुले कबोल गरेको अंकको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा बाँकी ६० प्रतिशत रकमलाई बराबर भागलगाई दुई किस्तामा बुझाउनु पर्नेछ। सो दुई किस्ता वापतको दोस्रो किस्ता वापतको रकम २०७९ फागुन मसान्तभित्र र तेस्रो तथा अन्तिम किस्ता बापतको रकम २०८० बैशाख मसान्तभित्र बुझाउनु पर्नेछ।
७. नदिजन्य पदार्थ उत्खनन, संकलन विक्री गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमती र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र विक्री गर्नुपर्नेछ।
८. सूचनामा उल्लेखित परिमाण भन्दा बढी नदिजन्य पदार्थ ठेकेदारले उत्खनन गरी विक्री वितरण गर्न पाउने छैन।
९. नम्वरी आवादी जग्गामा प्रकृया पुऱ्याई उत्खनन गरेको तथा खोला नदी भन्दा बाहिरको क्षेत्रमा उत्खनन गरिएको ढुंगा, गिट्टी, वालुवाको राजश्व ठेकेदारले लिन पाउने छैन।
१०. यसमा उल्लेख भएको कुराहरु सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ। विस्तृत जानकारीको लागि कटारी नगरपालिकामा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत